मितिः २०८१/०५/०८

माननीय मन्त्री ज्यू
खानेपानी मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

बिषयः ज्ञापन पत्र सम्बन्धमा।

उक्त सम्बन्धमा खानेपानी तथा ढल व्यवस्थापन विभाग मा कार्यरत विभिन्न तहका कर्मचारीहरुको बारम्बार संगठन व्यवस्थापन तथा सर्वेक्षण स्वीकृत गरी स्थायी कार्यालय स्थापना गर्न माग भएको र आ.व. २०८०/८१ को बजेट बक्तव्यमा उल्लेखित अनिवार्य गर्नु पर्ने काम समेत हालसम्म पनि नभएकोले यथासिघ्र संगठन व्यवस्थापन तथा सर्वेक्षण (O&M) अगाडी बढाइदिनहुन अनुरोध गर्दै यो ज्ञापन पत्र हस्ताक्षर गरी बुझाएका छौं ।

1. खानेपानी तथा ढल व्यवस्थापन आयोजना, इलाम
2. खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, बिराटनगर
3. खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, धनकुट्टा
4. खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, खोटांग
5. खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, रामेछाप
6. खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, जनकपुर
7. खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, बिरगंज
8. खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, भक्तपुर
9. खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, हेटौडा
10. खानेपानी तथा ढल व्यबस्थापन आयोजना, चितवन
11. खानेपानी तथा ढल व्यवस्थापन आयोजना, बुटवल
12. खानेपानी तथा ढल व्यवस्थापन आयोजना, लम्जुङ्ग
13. खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, पोखरा
14. खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, म्याग्दी
15. खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, अर्घाखाची
16. खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, नेपालगन्ज
17. खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, सुर्खेत
18. खानेपानी तथा ढल ब्यबस्थापन आयोजना, जुम्ला
19. खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, कैलाली
20. खानेपानी तथा ढल ब्यवस्थापन आयोजना, कन्चनपुर

बोधार्थः
श्रीमान सचिव ज्यू, खानेपानी मन्त्रालय
श्रीमान महानिर्देशक ज्यू, खानेपानी तथा ढल व्यवस्थापन विभाग

मितिः २०८१/०५/०८

माननीय मन्त्री ज्यू
खानेपानी मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

## ज्ञापन पत्र

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थापनमा गइसकेपछि खानेपानी तथा ढल व्यवस्थापन विभागले हाल अस्थायी प्रकृतिका २० वटा आयोजना कार्यालय मार्फत ७७ वटा जिल्लामा खानेपानी तथा ढल व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आएका छौ। नेपालको संविधानको भाग-३, मौलिक हक र कर्तब्य अन्तरगत धारा ३५. स्वास्थ्य सम्बन्धी हक (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरेको छ। यसका साथै नेपाल लगायत १९३ राष्ट्रहरुले सहमति गरेको दिगो विकास लक्ष्य (२०१५-२030) का १७ लक्ष्यहरु मध्ये लक्ष्य ६ ले सबैको निम्ति खानेपानी र सरसफाईको उपलब्धता साथै यसको दिगो व्यवस्थापन सुनिश्चितता गर्ने व्यवस्था गरेको छ। १६ औं आवधिक योजना (आ.व.२०८१।८२-२०८५।८६) ले स्वच्छ खानेपानीमा पहुँचको जनसङ्ख्या २५% बाट ४०% पुर्याउने, प्रशोधन सहितको ढल मानव मलमुत्रजन्य फोहोर व्यवस्थापन २.३४% बाट ३०% पुर्याउने लक्ष्य रहेको छ। उल्लेखित संवैधानिक कानुनी र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने मुख्य जिम्मेवारी रहेको खानेपानी तथा ढल व्यवस्थापन विभाग २०२९ मा स्थापना भई ५० वर्ष भन्दा लामो समयदेखि सेवारत रहेको विभाग मातहतका सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू अस्थायी प्रकृतिमा रही सेवारत रहिरहेकोमा अस्थायी प्रकृतिका आयोजना भएकोले कर्मचारीको स्थायित्वमा समस्या आई कुनै कार्यालयमा कति समयसम्म सेवा दिन पाउने अनुमानयोग्य अवस्था नभएको, प्रत्येक आर्थिक वर्षमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट अस्थायी दरबन्दी स्वीकृत गरिरहनु पर्ने, मौजुदा दरबन्दि संरचना विवरणमा प्राविधिक जनशक्तिको सन्तुलन भौतिक तथा कार्यबोझ अनुसार नरहेको, कर्मचारीको समग्र उत्प्रेरणा, स्थायित्वको अलवा विभागीय भविष्य समेत अन्यौलपूर्ण रहनु को साथै कर्मचारीको वृति विकासमा समेत जोखिम सिर्जना भएको,

साथै आ.ब. २०८०।८१ को बजेट वक्तव्यमा समेत सिघ्र संगठन व्यवस्थापन तथा सर्वेक्षण गर्ने भनि उल्लेख भएकोले यथाशीघ्र संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रक्रिया अघि बढाइदिनु हुन अनुरोध गर्दै मातहतका सबै आयोजना कार्यालयबाट आवश्यक साथ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै ज्ञापनपत्र पेश गर्दछौं ।